# हेल्थ प्लस

ॐ अस्पतालको स्वास्थ्य सचेतना अभियान | अंक ८, जेष्ठ - २०८०

OM HOSPITAL & RESEARCH CENTRE

An ISO 9001:2015 Certified Hospital

२५ बर्ष

WWW.OMHOSPITALNEPAL.COM


## About Us

ॐ अस्पताल नेपालको निजी क्षेत्रबाट सञ्चालीत स्वास्थ्य उपचार सेवा प्रदायकहरू मध्येको अग्रणि अस्पताल हो । "वी केयर फर यू" नारासहित वि.सं. २०४६ सालमा स्थापित भएको यस अस्पतालको शुरुको नाम ॐ नर्सिङ होम हो । दक्ष, अनुभवि र ख्याति प्राप्त चिकित्सकहरुद्वारा नेपालमा नै अत्याधुनिक उपचार सेवा सुलभ शुल्कमा उपलब्ध गराउने उद्देश्यले संचालन गरिएको यो संस्था जम्मा केही चिकित्सक र ८ शैय्या बाट शुरु गरिएको थियो ।

वि.सं. २०५२ सालमा स्वास्थ्य उपचार सेवाको टड्कारो आवश्यकतालाई सम्बोधन गर्नेगरी १७५ शैय्या र १०० जना बिशेषज्ञ चिकित्सकहरूको टोली सहितको बिशिष्ट सेवा प्रदायक अस्पतालको रुपमा ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरको रुपमा रुपान्तरण भयो । ३३ बर्ष देखि निरन्तर सेवामा रहेको र यस अस्पतालमा देशका अत्यन्त कुशल तथा अनुभवि चिकित्सकहरुको टोली सधैं रहने गरेको छ । इमर्जेन्सि मेडिसिनमा उच्च शिक्षा हासिल गर्नुभएका डाक्टरको नेतृत्व रहेको र २४ सै घण्टा डिएम/एमडिजिपि चिकित्सक सहितको अत्याधुनिक आकस्मिक उपचार सेवा उपलब्ध छ ।

निःसन्तानपनको उपचार नेपालमा शुरु गर्ने पहिलो अस्पतालको रुपमा परिचित यो अस्पताल मातृशिशु उपचारमा पनि अत्यन्त लोकप्रिय रहेको छ । नेपाल सरकारको बिपन्न नागरिक औषधी उपचार सेवा अन्तर्गत सहुलियत सहितको हेमो डायलाइसिस सेवा तथा क्यान्सरका बिरामी हरुकालागि केमो थेरापी सेवा समेत यहाँ उपलब्ध छ ।

क्रिटिकल केयर मेडिसिनमा उच्च शिक्षा हासिल गर्नु भएका डाक्टरको नेतृत्वको १७ शैय्याको अत्याधुनिक सघन उपचार कक्ष उपलब्ध रहेको छ । अस्पताल परिसर भित्र नै सिटिस्क्यान, एमआरआई, इएमजी, टिएमटि, डिजिटल म्यामोग्राफी लगायतका मेसिनहरू सहित इन्टरभेन्सनल रेडियोलोजी सेवाहरू समेत उपलब्ध छन् । अत्याधुनिक उपकरणहरू सहितको प्याथोलोजी ल्याव, मोलिक्युलर पिसिआर ल्याव तथा फिजियो थेरापी सेवा र पोषण सम्वन्धि परामर्श सेवाहरू समेत उपलब्ध रहेका छन् ।

## Featured

# के हो दुरविन जडान गरेर गरिने ल्यापारोस्कोपिक सर्जरी ?

ल्यापारोस्कोपिक सर्जरी भनेको पेटमा प्वाल पारेर त्यसमा दुरविन जडान गरेर पेट भित्र भएका अङ्गहरुलाई टेलिभिजन जस्तै स्क्रिनमा हेर्न सकिने गरी अपरेशन थियटरमा जडान गरिएको बिशेष उपकरण ल्यापारोस्कोपको प्रयोग द्वारा गरिने शल्यक्रिया हो ।

सो टेलिभिजनको स्क्रिनमा हेरेर पेटमा थप दुई, तिन वटा प्वाल बनाएर अपरेशन गर्ने उपकरणहरु पठाएर शल्यक्रिया गरिन्छ । अझ सरल रुपमा भन्ने हो भने शरिरमा सानो प्वाल वनाएर दुरविन र उपकरण पठाएर गरिने शल्य चिकित्सालाई ल्यापारोस्कोपिक सर्जरी भनिन्छ ।

ल्यापारोस्कोपिक प्रविधिवाट सिजरियन सेक्सन अर्थात बच्चा निकाल्ने अपरेशन र निकै ठुला ठुला ट्युमरहरु निकै टासिएर बसेको अवस्थाका वाहेक स्त्री तथा प्रसुति सम्वन्धि सबैजसो शल्यक्रिया गर्न सकिन्छ ।

चिरेर गर्ने ओपन सर्जरी भन्दा ल्यापरोस्कोपिक सर्जरी धेरै भिन्न छ । ओपन सर्जरीमा हामीले हेर्दा पेट भित्रको काटेको भाग मात्र देख्न सकिन्छ । धेरै ठाँउ देखिंदैन । तर ल्यापारोस्कोपिमा चाहिँ पेट भित्रका सबै अङ्गहरु स्क्रिनमा हेर्न सकिन्छ । यसरी स्क्रिनमा देखिने तस्बीर तुलनात्मक रुपमा धेरै ठुलो र स्पष्ट देखिन्छ ।

कहिलेकाँही देख्न गाह्रो भएर रोग पत्ता लगाउन पनि गाह्रो भइरहेको हुन्छ । यो हो की त्यो हो अनुमान गर्नुपर्ने हुन्छ । तर यो दुरविन वाट स्क्रिनमा ठुलो र स्पष्ट भएर देखिन्छ जसले गर्दा रोग छुट्याउन पनि सजिलो हुन्छ ।

सानो प्वाल र सानो घाउ बनाएर दुरविन राखिने भएकाले १० मिलिमिटर अर्थात जम्मा एक सेन्टिमिटरको सानो घाउ बनाएर दुरविन राखिन्छ र थप दुइवटा उपकरण पटाउने ०.५ सेन्टिमिटरका थप दुइ वा तिनवटा प्वाल पारिन्छ । यसरी पारिएका प्वालका कुनै दाग पछि देखिदैनन् । एउटा एक सेन्टिमिटर घाउको मात्र सानो दाग देखिन सक्छ ।

ल्यापारोस्कोपिक विधिवाट अप्रेशन गर्दा धेरै काट्नु पर्दैन जसले गर्दा र क्तश्राव बढी हुँदैन र रगतको जरुरत कम पर्छ ।




**प्रा. डा. जागेश्वर गौतम**
सिनियर कन्सल्ट्यान्ट, वरिष्ठ स्त्रीरोग तथा प्रसुती विशेषज्ञ (ल्यापारोस्कोपिक सर्जन)

अर्को महत्वपूर्ण कुरा भनेको दुखाइ पनि एकदम कम हुन्छ । संक्रमणको संभावना पनि कम हुन्छ । साना साना प्वाल पारेर गर्ने हुनाले घाउ आफैंमा सानो भएकाले संक्रमण हुने सम्भावना आफैं न्यून हुन्छ । त्यसै गरी अस्पताल बस्ने समय पनि छोटो हुन्छ । आज अपरेशन गर्यो अलि आँटिलो मानिस छ भने अपरेशन गरेकै दिन नै डिस्चार्ज भएर घर जान सक्छ । आज पाठेघर निकाल्यो भोली घर जानसक्छ मान्छे । त्यसोभएर काममा छिटो फर्कन सक्छ । सबैभन्दा राम्रो कुरा कस्मेटिक हिसावले हेर्दा घाउको खत देखिँदैन । विरामीलाई अपरेशन गरेको घाउ दुख्ने पिर हुँदैन । स-साना घाउँ हुने र शरिर भित्र धेरै चलाउन नपर्ने भएकाले अङ्गअरु टासिने पनि कम हुन्छ ।

त्यसैले हिजोआज धेरै विरामीले रोज्ने यो ल्यापरोस्कोपिक सर्जरी स्त्री तथा प्रसुती रोगको उपचारमा धेरैको रोजाइमा पर्ने गरेको छ ।

ल्यापरोस्कोपिक शल्यक्रिया गर्दा अलि बढी सावधानी अपनाउनु पर्ने केही अवस्थाहरु हुन्छन् । केही चाहिँ दुरबिनले गर्नै नहुने पनि हुन्छन् । कसैको रगत बग्ने क्षमता धेरै छ भने त्यस्तोमा दुरबिनले नगरेको राम्रो भनिन्छ । तर, अहिले यो धारणामा परिवर्तन आइसकेको छ । किनभने रगत धेरै पातलो छ र धेरै बग्छ भने पहिले त्यो समस्याको उपचार गर्ने र त्यसपछि दुरबिनबाटै शल्यक्रिया गर्ने पनि गरिएको छ । यसबाहेक गर्नै नहुने भन्ने चाहिँ छैन । पहिले धेरै चोटी ओपन सर्जरी भएको छ भने बढी सावधानीका साथ ल्यापारोस्कोपी गर्नु पर्दछ ।


यदि फोक्सो एकदम खराब, मुटुले रगत पम्प गर्ने क्षमता एकदम कमजोर र क्यान्सर धेरै नै फैलिएको अवस्था छ भने चाहिँ धेरै नै होश पुर्‍याएर गर्नुपर्ने हुन्छ । किनभने यस्तो अवस्थामा शल्यक्रिया गर्दा-गर्दै र गरिसकेपछि पनि जटिलता आउने सम्भावना बढी हुन्छ । पहिले धेरै पटक पेटको शल्यक्रिया गरिसकेको छ भने यस्तोमा सावधानीपूर्वक ल्यापरोस्कोपिक गर्न गाह्रो भएमा ओपन सर्जरी गर्न ढिला गर्नु हुँदैन ।





OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4576225 | omhrc@omhospitalnepal.com

# पाठेघरको मुखको क्यान्सरको कारण र बच्ने उपाय



महिलाहरूलाई हुने क्यान्सर मध्ये पाठेघरको मुखको क्यान्सर पहिलो स्थानमा रहेको छ । दोस्रोमा स्तन क्यान्सररहेको छ । पहिले क्यान्सर नो एन्सर भन्ने गरिन्थ्यो । हुन पनि क्यान्सर लागे पनि ढिलो गरी उपचारमा जाने प्रचलन थियो । अहिले पनि क्यान्सरको सुरू अवस्थामै उपचारमा आउनेहरुको संख्या कम छ । धेरै बिरामी ढिलो गरी उपचारमा आउँदा क्यान्सरकै कारण ज्यान जाने गरेको छ । सुरुकै अवस्थामा उपचार गर्न सकिए क्यान्सर निको हुन्छ ।

यसै सन्दर्भमा महिलालाई हुने पाठेघरको मुखको क्यान्सरबारे स्त्री तथा प्रसूति क्यान्सर रोग विशेषज्ञ डा.बिनोद अर्यालसँग गरिएको कुराकानीको सम्पादित अंश:

## पाठेघरको मुखको क्यान्सर कसरी हुन्छ ?

पाठेघरको तल्लो भागलाई  पाठेघरको मुख भनिन्छ । जसलाई अंग्रेजीमा सर्भिक्स भनिन्छ । यसको क्यान्सर भयो भने पाठेघरको मुखको क्यान्सर भनिन्छ ।

शरीरको कुनै पनि अंगमा कोषिकाहरुको अनियन्त्रित रुपमा वृद्धि भयो भने त्यसलाई क्यान्सर भनिन्छ । पाठेघरको मुखको कोषिकाहरुको अनियन्त्रित वृद्धि भयो भने पाठेघरको मुखको क्यान्सर हुन्छ । जसलाई सर्भाइकल क्यान्सर पनि भनिन्छ ।

## पाठेघरको मुखको क्यान्सर कस्तो रोग हो ?

यो एक किसिमको यौन सम्पर्कबाट सर्ने सरुवा रोग हो । यस रोगको मूल कारक तत्वको रूपमा ह्युमन प्यापिलोमा भाइरस (एचपीभी)लाई लिइन्छ । यो भाइरसको संक्रमण यौन सम्पर्क गरे पछि पुरुषबाट महिलामा सर्छ । यस भाइरसको पाठेघरको मुखमा संक्रमण भइसकेपछि त्यसले पाठेघरको मुखको कोषिकाहरुभित्र गएर परिवर्तन ल्याउँछ ।

यो भाइरसको संक्रमण हुँदैमा क्यान्सर हुन्छ भन्ने होइन । यदि महिलाको शरीरको रोगसँग लड्न सक्ने क्षमता राम्रो छ भने यसले संक्रमणलाई रोक्छ र कोषिकाहरुको अनियन्त्रित वृद्धि हुन पाउँदैन । जसले क्यान्सर हुने सम्भावना कम हुन्छ । एचपीभीको बारम्बार संक्रमण भएको लामो समयपछि मात्र पाठेघरको मुखको क्यान्सर देखिन सक्छ ।

## कस्ता महिलाहरुमा पाठेघरको मुखको क्यान्सर हुने सम्भावना बढी हुन्छ ?

कलिलो उमैरमा यौन सम्पर्क गर्ने, कलिलो उमेरमै बच्चा जन्माउने, धेरै बच्चाहरु पाउने, छोटो अन्तरालमा लगातार बच्चा पाउने महिलामा पाठेघरको मुखको क्यान्सर हुने सम्भावना बढी हुन्छ ।

धेरै जनासँग यौन सम्पर्क गर्ने वा यौन व्यवसायमा लागेका महिलाहरुमा पनि यो रोग लाग्न सक्ने सम्भावना बढी हुन्छ । महिलाले एउटै पार्टनरसँग यौन सम्बन्ध राखे पनि त्यही पार्टनरले अरु धेरै महिलासँग यौन सम्बन्ध राख्छ भने त्यस्तो मान्छेबाट एचपीभीको संक्रमण हुने सम्भावना बढी हुन्छ ।

धूमपान गर्ने, यौन सम्पर्कबाट सर्ने अरु रोगहरु लागेका र रोगसँग लड्ने क्षमता कम भएका महिलाहरुमा पनि पाठेघरको मुखको क्यान्सर हुने सम्भावना बढी हुन्छ ।

## पाठेघरको मुखको क्यान्सर भएको कसरी थाहा पाउने ?

यस रोगको सुरुमा केही पनि लक्षणहरु नदेखिनसक्छ । धैरै जसोमा यो रोगका संकेतहरु देखिँदा रोग फैलिसकेको हुन्छ । त्यस्ता महिलाहरुमा यौनांगसम्बन्धी विभिन्न समस्याहरु देखिन सक्छन् ।

जस्तै: महिनावारी नभएको बेला पनि रक्तश्राव हुनु, यौन सम्पर्क गरिसकेपछि यौनांगबाट रगत बग्ने (पोस्ट कोइटल ब्लिडिङ ), यौनांगबाट गन्हाउने पानी बग्ने, यौनांगबाट रगत मिसिएको पानी बग्ने, महिनावारी सुकिसकेका महिलाहरुमा फेरि रक्तश्राव हुने हुन्छ ।

यस्ता लक्षण देखिँदैमा पाठेघरको मुखको क्यान्सर भएको छ भन्ने होइन । तर, यी लक्षणहरु देखापरेमा तुरुन्त डाक्टरको सम्पर्कमा गएर जाँच गराउनु पर्दछ । यो रोग फैलँदै जाँदा पिसाबको थैली वा दिसा गर्ने भागलाई पनि छुन सक्छ जसले गर्दा दिसा-पिसाबसम्बन्धी समस्याहरु पनि  देखिन  सक्छ । जस्तै : पिसाबमा  रगत देखिने, यौनांगबाट  दिसापिसाब  चुहिने, दिसा गर्न गाह्रो हुने  र दिसा गर्दा  रगत  बग्ने हुन्छ । यो रोग जटिल बन्दै गएपछि तौल घट्दै जाने तथा खानामा रुचि कम हुने जस्ता लक्षणहरु पनि देखिन्छन् ।

## पाठेघरको मुखको क्यान्सरबाट बच्न के गर्ने ?

रोगबाट बच्न किशोरकिशोरीलाई यौन शिक्षा दिनुपर्छ । किशोरीलाई सुरक्षित यौन सम्पर्कको विधिहरु सिकाउनुपर्छ । किशोरकिशोरीलाई एचपीभीविरुद्ध भ्याक्सिन पनि सहज रूपमा उपलब्ध गराउनु पर्दछ । यौन सम्बन्ध राखिसकेका महिलाहरुले कुनै समस्या नदेखिए पनि नियमित रुपमा सर्भाइकल क्यान्सरको स्क्रीनिङ गर्ने जाँचहरु जस्तै : प्याप स्मेयर, एलबीसी तथा एचपीभी, डीएनए टेस्ट गर्नुपर्छ । यी जाँचहरुले पाठेघरको  मुखमा रहेका क्यान्सर हुनुभन्दा अगाडिका परिवर्तनहरु (प्रि-क्यान्सरस लिजन्स) लाई पत्ता लगाएर तुरुन्त उपचार गर्न मद्दत पुर्‍याउँछ । यो रोग लागेको पुष्टि गर्न पाठेघरको मुखका कोशिकाहरुको जाँच (सर्भाइकल बायोप्सी) गर्नुपर्दछ ।

## पाठेघरको मुखको क्यान्सरको उपचार के हो ?

पाठेघरको मुखको क्यान्सरका ४ वटा चरणहरू हुन्छन् । पहिलो चरणमा यो रोग पाठेघरको मुखमै सीमित हुन्छ । यो रोग नजिकैका अरु अंगहरुतिर क्रमश: फैलिँदै जान्छ र सोही रुपमा यस रोगको चरण  पनि बढ्दै  जान्छ । यो रोगको धेरैजसो चरणहरुमा रेडियो थेरापीले काम गर्दछ । यस रोगको पहिलो र दोस्रो चरणको पनि सुरुमा पाठेघरको क्यान्सरसम्बन्धी शल्यक्रिया गरेर यसको उपचार गर्न सकिन्छ ।

पाठेघरको मुखको क्यान्सर फैलिसकेको अवस्थामा शल्यक्रिया गरेर मात्र पुग्दैन र यसको उपचारको लागि किमोरेडियोथेरापी पनि चाहिन्छ ।



**डा. बिनोद अर्याल**
कन्सल्ट्यान्ट, गाईने अन्कोलोजिष्ट



OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4576225 | omhrc@omhospitalnepal.com

# ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. मा हार्दिक स्वागत छ ।



प्रिन्सिपल कन्सल्ट्यान्टका रुपमा ॐ हस्पिटलमा पुनःसेवारम्भ गर्नुभएका वरिष्ठ पाचन रोग शल्य चिकित्सक प्रा.डा. सुनिल कुमार शर्मा ढकाल र उहाँका टिमका सदस्यहरु बरिष्ठ जि.आई. सर्जन डा.प्रनिल राई, अमेरिकन बोर्ड सर्टिफाइड बरिष्ठ कोलोरेक्टल तथा रोबोटिक सर्जन डा. सत्यदीप भट्टाचार्य, कन्सल्ट्यान्ट सर्जन, हर्निया बिशेषज्ञ डा. निर्वाण राई र कन्सल्ट्यान्ट जिआई सर्जन डा. सुबोध घिमिरेलाई स्वागत गर्नुहुँदै ॐ हस्पिटलका संचालक समितिका अध्क्षय तथा सिनियर कन्सल्ट्यान्ट रेडियोलोजिष्ठ डा. आनन्द प्रसाद श्रेष्ठ तथा वरिष्ठ व्यवस्थापन टिमका सदस्यहरु ।

OMHRC SPECIAL SERVICE

# आँखा उपचारमा ॐ हस्पिटल र दृष्टि आइ केयरको सहकार्य



सेवा सहकार्य सम्झौता पत्र आदान प्रदान गर्दै ॐ हस्पिटलका प्रमूख कार्यकारी अधिकृत यम बहादुर महत र दृष्टि आइ केयर सिस्टमका प्रमुख कार्यकारी अधिकृत डा. भाइराजा श्रेष्ठ

ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरले स्तरिय आँखा उपचार सेवाका लागि दृष्टि आइ केयर सिस्टमसँग सहकार्य गरेको छ ।

अस्पतालमा आयोजित एक औपचारिक कार्यक्रममा दुबै संस्थाका प्रमुख कार्यकारी अधिकृतले हस्ताक्षर गरी सेवा विस्तार तथा स्तरो न्नतीकालागि तयार सम्झौता पत्रमा हस्ताक्षार गरेसँगै सेवा शुरु भएको हो । सम्झौता अनुसार २०८० साल असार १ गते शुक्रवार देखी दृष्टि आइ केयर सिस्टमका चिकित्सकहरु सहितको टोलिले से वारम्भ समेत गरेको छ। सेवा विहान ९ बजे देखी साँझ ६ बजेसम्म उपलब्ध हुने ॐ हस्पिटलद्वारा प्रेषित समाचारमा जनाइएको छ ।

ॐ अस्पतालमा बरिष्ठ नेत्ररोग विशेषज्ञ डा. रमेश प्रधान, जनरल अप्थाल्मोलोजिष्ट डा. शिवा उपाध्याय, पेडियाट्रिक अप्थाल्मोलोजिष्ट डा. पारस पञ्जियार ल गायतका विशेषज्ञ सहित हाल उपलब्ध रहे को आँखा उ पचार सेवामा गुणस्तरीय आँखा स्वास्थ्यमा निजी क्षेत्रको अग्रणि सेवा प्रदायक दृष्टि आइ केयर सिस्टमसँगको सहकार्यपछि रे टिना विशेषज्ञ डा.प्रताप कार्की, न्यूरो अप्थाल्मोलोजिष्ट डा. सन्जिता सिटौला, युभिआइटिस विशेषज्ञ डा. रञ्जु खरेल सिटौला, एन्टेरियर सेगमेन्ट तथा मोतिविन्दु विशेषज्ञ डा. सुमित महर्जन र जनरल अप्थाल्मोलोजिष्ट डा. अर्चना बुढाथोकी लगायतका विशेषज्ञ चिकित्सक समेत सामेल हुनुभएको छ ।

सम्झौता कार्यक्रममा शुभकामना दिनुहुदै ॐ हस्पिटल संचालक समितका अध्यक्ष तथा सिनियर कन्सल्ट्यान्ट रेडियोलोजिष्ट डा. आनन्द प्रसाद श्रेष्ठले नेपालमा निजी क्षेत्रवाट स्वास्थ्य उपचारमा तीन दशक देखि अग्रणि भूमिका निभाउँदै आएको ॐ हस्पिटलको सुलभ मूल्यमा स्तरिय उपचार सेवा प्रदान गर्दै आएको र सबै किसिमका उपचार सेवा प्रदान गर्दै आएको र आँखा उपचार से वा पनि शुरु गरेको स्मरण गर्दै समय सापेक्ष स्तरोन्नति गर्ने यो जना अनुरुप दृष्टिको सफलता र विशेषज्ञ चिकित्सकहरु सहितको अभियानमा सहकार्य गरेको जिकीर गर्नुभयो । अध्यक्ष डा.श्रेष्ठले दृष्टिसँगको सहकार्यमा ॐ हस्पिटलको आँखा उपचारले नयाँ उचाइमा पुग्ने कुरामा आफु विश्वस्त रहेको बताउनुभयो ।

सम्झौता पछि सम्बोधन गर्दै ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर का प्रमुख कार्यकारी अधिकृत यम वहादुर महतले अस्पतालको उपचार सेवाको स्तरबृद्धि गर्ने योजना अन्तर्गत सहाकर्य सम्झौता गरिएको र यसले ॐ अस्पतालको आँखा उपचार सेवालाई थप प्रतिष्पर्धि र सुलभ बनाउने विश्वास व्यक्त गर्नुभयो ।

ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरका मेडिकल डाइरेक्टर डा. हरिश जोशीले दृष्टि आइकेयर सिस्टमका अनुभवि विशेषज्ञ चिकित्सक हरुको टोलिलाई अस्पतालमा स्वागत गर्नुहुँदै स्तरिय आँखा उपचारसेवाका लागि अस्पतालका तर्फवाट हरसम्भव साथ रहने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

ॐ हस्पिटलले आँखा उपचार सेवाको स्तरबृद्धि र सहकार्यका लागि अवसर दिएकोमा आभार व्यक्त गर्दै दृष्टि आइ केयर सिस्टमका प्रमुख कार्यकारी अधिकृत डा. भाइराजा श्रेष्ठले दृष्टिले सबैको लागि दृष्टि सधैको लागि दृष्टि भन्ने मूल नार ाका साथ आफ्नो सेवा प्रदान गर्दै आइरहेको र आँखा परिक्षण तथा उपचारमा सवैको सहज पहुँचका लागि शुल्क समेत सर्वसुलभ बनाएको वताउनु भएको छ ।

नेत्ररोग विशेषज्ञ, दृष्टि विशेषज्ञ तथा आँखा स्वास्थ्यमै क्रिया शिल व्यक्तिहरुबाट सञ्चालित दृष्टि आइ केयर सिस्टमले २०७० असोज २८ गते झापाको विर्तामोडमा मेची दृष्टि आँखा अस्पताल स्थापना गरि सेवा आरम्भ गरेको थियो । दृष्टिले हाल काठमाडौं कलंकीमा दृष्टि आई केयर सेन्टर र वीरगञ्जमा वीरगन्ज दृष्टि आँखा केन्द्र मार्फत सेवा प्रदान गर्दै आइरहेको छ भने बाराको कलैया, काठमाडौको जमलमा पनि आँखा उपचार केन्द्र स्थापना गरी सेवा प्रदान गरिरहे को छ ।

# ॐ हस्पिटलमा उपलब्ध सेवाहरू:

## उपलब्ध डायग्नोष्टिक सेवाहरू:

- Radiology and Imaging (भिडियो एक्स रे, सिटी स्क्यान, इको, एमआरआई )
- Pathology/Laboratory (रगत, दिशा पिशावका सम्पूर्ण जाँच)

## उपलब्ध विशेषज्ञ सेवाहरू:

- Anaesthesiology (एनेस्थेसियोलोजी)
- Audiology (अडियोलोजी)
- Cardiology (मुटु रोग)
- Cardiothoracic and Vascular Surgery (कार्डियोथोरासिक एण्ड भाष्कुलर सर्जरी)
- Dermatology and Venerology (चर्म तथा यौन रोग)
- Dental (दन्तरोग)
- Endocrinology and Diabetes (ग्रन्थीरोग तथा मधुमेह)
- ENT Head and Neck Surgery (नाक, कान, घाँटी)
- Gastroenterology and Hepatology (पेट पाचन तथा कलेजो रोग)
- General Surgery Digestive Disease and Laparasopic Surgery (जनरल सर्जरी डाइजेष्टिभ डिजिज एण्ड ल्यापरोस्कोपिक सर्जरी)
- Hepatopancreatobiliary and Gastro Surgery (हेपाटोप्यान्क्रियाटोविलियरी एण्ड ग्याष्ट्रो सर्जरी)
- Internal Medicine (जनरल फिजिसियन)
- IVF (आई.भी.एफ)
- Neonatology and Neonatal (नवजात शिशु)
- Nephrology (मृगौला रोग)
- Neurology and Neurosurgery (नसा तथा स्नायु सम्बन्धि)
- Nutrition and Dietetics (पोषण)
- Obsetric & Gyanaecology, Gynae Laparoscopy (स्त्री तथा प्रसुती, ल्यापरोस्कोपिक)
- Oncology (अर्बुदरोग)
- Ophthalmology (नेत्र रोग)
- Orthopedics Traumatology (हाड जोर्नी चिकित्सा)
- Om Wellness Clinic (ॐ वेलनेश क्लिनिक)
- Pediatrics and Pediatric Surgery (बाल रोग)
- Psychiatry (मानसिक रोग)
- Physiotherapy and Rehabilitation (फिजियोथेरापी एण्ड रिह्याविलिटेसन)
- Plastic Surgery (प्लाष्टिक सर्जरी)
- Pulmonology (फोक्सो तथा छाँती)
- Pain Medicine (पेन मेडिसिन)
- Rheumatology and Immunology (र्‍युमाटोलोजी एण्ड इम्यूनोलोजी)
- Spine Surgery (ढाडको उपचार)
- Urology (युरोलोजी)

## उपलब्ध अन्य सेवाहरू:

- Ambulance (एम्बुलेन्स)
- Emergency Service (आकस्मिक उपचार)
- Heli-EMS (हेली इ.एम.एस)
- IPD/OPD (अन्तरङ्ग / बहिरङ्ग सेवाहरु)
- ICU/CCU (सघन उपचार सेवा)
- Operation Theatre (शल्यक्रिया कक्ष)
- Sleep Lab (निद्रा सम्बन्धि)
- Vaccination (खोप सेवाहरु)

**१०% छुट**

**७० बर्ष माथिका सम्पूर्ण जेष्ठ नागरिकहरूको सम्मानमा ॐ अस्पतालमा उपचारको सेवामा १० प्रतिशत छुटको व्यवस्था छ।**

(थप जानकारीको लागी सोधपुछ वा १९७ एक्टेन्सनमा सम्पर्क गर्नुहोला)

## News and Events





INTERNATIONAL LABOUR DAY ( MAJDOOR DIWAS)



BLOOD DONATION DRIVE AT OM HOSPITAL



BARABISE HEALTH CAMP




NUWAKOT HEALTH CAMP



OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4576225 | omhrc@omhospitalnepal.com

सम्पादन समूह: डा. हरिश जोशी, मेडिकल डाईरेक्टर | उमा श्रेष्ठ, नर्सिङ डाईरेक्टर | विनोद अधिकारी, मिडिया एण्ड बिजनेस डेभलपमेन्ट म्यानेजर | इरु पौडेल, क्वालिटि एस्योरेन्स एण्ड कर्पोरेट सर्भिस म्यानेजर